प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
सानोठिमी, भक्तपुर

## गम्भीर ध्यानाकर्षण भएको सम्बन्धमा।

(प्रकाशित मिति: २०८२/०५/१६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट सम्बन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरूले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू देशभरि नै सञ्चालन गर्दै आइरहेको व्यहोरा सर्वविदितै छ। परिषद्बाट सम्बन्धन/स्वीकृति नलिई वा छोटो अवधिको तालिम सञ्चालनका लागि सम्बन्धन/स्वीकृति लिएर प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहमा स्वदेशी एवम् विदेशी शिक्षण संस्थाका विभिन्न कार्यक्रम गैरकानुनी तवरले सञ्चालन गरेको भनी विभिन्न माध्यमबाट प्राप्त जानकारी उपर परिषद् कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालभर विभिन्न विषयमा व्यावसायिक/सीपमूलक तालिम, प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालनका लागि सम्बन्धन/स्वीकृति दिने आधिकारिक निकाय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् भएको र वैदेशिक शिक्षण संस्थाको शैक्षिक वा तालीम कार्यक्रम सञ्चालन गर्ने भएमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृति लिएर मात्र यस्ता कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था रहेको छ। कुनै तालिम प्रदायक संघ संस्थाबाट तालिम लिनु पूर्व उक्त संस्था एवं कार्यक्रम नेपाल सरकारको आधिकारिक निकायबाट स्वीकृति प्राप्त भए नभएको यकिन गरेर मात्र सहभागी हुन सबै विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूलाई परिषद् कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णयानुसार जानकारी गराइन्छ। नियम विपरित आफूखुशी तालिम कार्यक्रम संचालन गर्ने संस्थालाई प्रचालित कानुन बमोजिम कारबाही हुने र त्यस्ता गैरकानुनी संस्थाले सञ्चालन गरेको शैक्षिक/तालिम कार्यक्रम अध्ययन गर्ने विद्यार्थीको परिषद् कार्यालयबाट समकक्षता उपलब्ध नहुने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

पुनश्च: परिषद्बाट सम्बन्धन/स्वीकृति नलिई कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूको बारेमा परिषद्का प्रदेश कार्यालय एवम् केन्द्रीय कार्यालयमा सूचना/जानकारी उपलब्ध गराई सहयोग गरिदिनुहुन पनि सबैमा परिषद् कार्यालय हार्दिक अनुरोध गर्दछ।

सम्पर्कको लागि
फोन नं.: ०१-६६३०४०८; ६६३०७६९
इमेल: ctevtaccreditation061@gmail.com